# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**२०८३**

**नगरसभाको बैठकमा मिति २०८३ असार १० गते बुधबार कार्यवाहक नगर प्रमुख श्री इश्वरीकुमारी शर्मा बि.एम.ज्यूद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश**

**२०८३**

**चौरजहारी नगरपालिकाको यस गरिमामय सभाका सदस्यहरू,**

१. नेपाली जनताको अविचल सङ्घर्ष, अदम्य साहस, अथक त्याग र बलिदानकफ ऐतिहासिक उपलब्धीको रूपमा स्थापित भएको नेपालको संविधानको मर्म र भावना अनुरुप गठन भएको चौरजहारी नगरपालिकाको यस गरिमाय सभामा चौथो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँनु यो हाम्रो जिम्मेवारी मात्र होइन गहिरो गौरव र ऐतिहासिक दायित्तवको विषय पनि हो। आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा म सम्पूर्ण जनताको विश्वास, अपेक्षा र आशालाई आत्मसात गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दछु।

२. यस ऐतिहासिक घडीमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता तथा सामाजिक न्यायको स्थापनाका लागि सञ्चालित जनयुद्ध, जनआन्दोलन तथा विभिन्न चरणका जनसङ्घर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै वेपत्ता हुनुभएका वीर सपूतहरू, घाइते तथा अपाङ्गता भएका योद्धाहरू, शहीद परिवारजन र स्वाभिमानका साथ आन्दोलनमा सहभागी भई परिवर्तनको मार्ग प्रशस्त गर्नुहुने सम्पूर्ण महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। उहाँहरूको त्याग, समर्पण र बलिदानकै जगमा आज हामी लोकतन्त्रको यो उज्यालो यात्रा तय गरिरहेका छौं भन्ने तथ्यलाई हामीले कहिल्यै बिर्सनु हुँदैन।

**सभाका सदस्यज्यूहरू !**

३. **'समृद्ध चौरजहारी : जनउत्तरदायी सरकार'** हाम्रो नारा मात्र होइन यो हाम्रो संकल्प हो, हाम्रो प्रतिबद्धता हो। हाम्रो भविष्यको मार्गचित्र हो। यही महान् लक्ष्य हासिल गर्न चौरजहारी नगर कार्यपालिका र सम्पूर्ण टिम एकजुट भएर, दृढ इच्छाशक्ति र स्पष्ट दृष्टिकोणका साथ अगाडि बढिरहेकोछ। आवधिक योजना, परियोजना बैंक र मध्यकालीन खर्च संरचनालाई मजबुत आधार बनाएर हामी योजनाका लक्ष्य, उद्देश्य र प्राथमिकतालाई कागजमा सीमित राख्ने होइन। जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने गरी कार्यान्वयन गर्नेछौं। हामी गरिबीलाई भाग्य होइन, परिवर्तन गर्न सकिने अवस्था ठान्छौं। हामी समृद्धिलाई सपना होइन, साकार पार्ने अभियान बनाउँछौं। समानुपातिक, समावेशी र न्यायपूर्ण विकासमार्फत चौरजहारीलाई समृद्ध, सशक्त र आत्मनिर्भर नगर बनाउने हाम्रो अटल अठोट छ।

४. आज विश्वव्यापी आर्थिक मन्दीका चुनौतीहरू हाम्रो अगाडि छन्। तर, म स्पष्ट भन्न चाहन्छु। चुनौतीहरूबाट भाग्ने होइन। चुनौतीहरूलाई जित्ने साहस चौरजहारीसँग छ। दीगो विकास लक्ष्य हासिल गर्ने हाम्रो यात्रा अविचलित छ, अविरल छ। सामाजिक न्याय, सुशासन र समृद्धिको

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

त्रिवेणीलाई सँगै अघि बढाउँदै हामी शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारीलाई उच्च प्राथमिकतामा राख्नेछौं । हामी युवालाई अवसर दिनेछौं, श्रमलाई सम्मान दिनेछौं, र नागरिक चेतनालाई सशक्त बनाउनेछौं । यही बाटोले समृद्ध चौरजहारी निर्माण हुन्छ र हामी यही बाटोमा दृढतापूर्वक अघि बढिरहेका छौं ।

५. नेपालको संविधानले निर्देशित गरेका मौलिक हक, राज्यका नीति र मार्गदर्शनहरू हाम्रो मार्गप्रदर्शक हुन् । संघीय सरकारको सोह्रौं आवधिक योजना, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना, दीगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरिएका प्रतिबद्धताहरू यी सबै हाम्रो यात्राका आधार स्तम्भहुन्। यी नीति, योजना र प्रतिबद्धतालाई आत्मसात गर्दै, संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेटसँग समन्वय गर्दै चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । यो केवल दस्तावेज होइन । यो चौरजहारीको समृद्ध भविष्यको उद्घोष हो, यो जनताको आशा र विश्वासको प्रतिबिम्ब हो ।

**सभाका सदस्यज्यूहरू,**

## आर्थिक विकास

६. स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना गर्ने उद्देश्यले युवा उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । सीप विकासमार्फत् रोजगारी सृजनाका सम्भावनाहरू विस्तार गर्न नगरपालिकाले आवश्यक समन्वय, सहकार्य तथा प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनेछ । सीप परीक्षण गरी सीप प्रमाणिकरण हुने व्यवस्था मिलाइनेछ ।

७. कृषिमा आधारित उद्योग तथा व्यवसायहरूको प्रवर्द्धन गरिनेछ । कृषिको विविधीकरण, व्यवसायीकरण तथा यान्त्रीकरणलाई तीव्रता दिन संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । कृषकहरूको हित संरक्षण र प्रोत्साहनका लागि लक्षित कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कृषिजन्य जोखिम न्यूनीकरणका लागि कृषकहरूसँगको सहकार्यमा कृषि तथा पशुपन्छी बीमा कार्यक्रम विस्तार गरिनेछ ।

८. रोजगार सिर्जना, खाद्यान्नमा आत्मनिर्भरता तथा गरिबी र भोकमरी न्यूनीकरणका लागि भूमि स्रोतको प्रभावकारी सदुपयोग अपरिहार्य रहेको छ। **"बारीका पाटा र खेतका गरा : बनाऔं सधैं हराभरा"** भन्ने नारालाई आत्मसात गर्दै खेतीयोग्य जमिन बाँझो राख्न नपाइने नीतिलाई निरन्तरता दिइनेछ । खाद्य सुरक्षालाई सुनिश्चित गरिनेछ । सिंचाइ पूर्वाधार निर्माण एवं मर्मतसम्भारलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।



चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

९. कोल्ड स्टोर सञ्चालनका साथै निजी क्षेत्रसँगको सहकार्यमा कृषकको दुध निर्यात गरिनेछ। कृषि तथा पशु प्राविधिक सेवा प्रवाहलाई थप व्यवस्थित, नियमित तथा प्रभावकारी बनाइनेछ।

१०. चौरजहारी नगरपालिका तरकारी तथा खाद्य बीउ उत्पादनका लागि उपयुक्त भौगोलिक सम्भावना भएको क्षेत्रका रूपमा रहेको छ। कृषिको व्यवसायीकरणलाई सुदृढ गर्न स्थानीय रूपमा उत्पादित बीउहरूको प्याकेजिङ, लेबलिङ तथा ब्रान्डिङ गरी निर्यातयोग्य बनाउने व्यवस्था मिलाइनेछ। पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सेवालाई जनशक्तिसहित घरदैलोमै उपलब्ध गराउने व्यवस्था गरिनेछ।

११. कृषि पेसालाई सम्मानित तथा व्यवसायिक बनाउन कृषक उत्प्रेरणा कार्यक्रमहरू सञ्चालन गरिनेछन्। उत्कृष्ट कृषकहरूको पहिचान गरी सम्मान गर्ने व्यवस्था मिलाइनेछ। लघु उद्यम कार्यक्रमअन्तर्गत सीप विकास, आयआर्जन अभिवृद्धि, तालिम तथा प्रविधि हस्तान्तरणमार्फत् समूहगत सशक्तीकरणलाई प्रोत्साहन गरिनेछ। व्यवसायिक कृषकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

१२. नगरपालिकाबाटै लघु, घरेलु तथा साना उद्योगहरूको दर्ता, नवीकरण तथा नियमन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइनेछ। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। परम्परागत पेशा तथा सीपहरूको संरक्षण र प्रवर्द्धन गर्दै स्वरोजगार तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।

१३. सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा कृषकहरूको सूचीकरण गरी किसान परिचयपत्र वितरण गरिनेछ। सहकारी संस्थाहरूको प्रभावकारी नियमन तथा व्यवस्थापन सुनिश्चित गरिनेछ र सबै सहकारी संस्थाहरूलाई एकीकृत सफ्टवेयर प्रणालीमा आबद्ध गरिनेछ।

१४. कृषकहरूलाई समयमै मल तथा बीउ उपलब्ध गराउन आवश्यक समन्वय तथा सहकार्य सुदृढ गरिनेछ। वास्तविक गरिब घरपरिवारको पहिचान गरी आर्थिक सशक्तीकरणका लागि परिचयपत्र वितरण गरिनेछ।

१५. सङ्घ तथा प्रदेश सरकारसँगको समन्वयमा भू–उपयोग वर्गीकरणलाई थप व्यवस्थित गरिनेछ। ऐलानी तथा सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थित उपयोग सुनिश्चित गरिनेछ। कानुनबमोजिम राजस्वको दायरामा ल्याइनेछ। भूमिसम्बन्धी समस्या समाधान आयोगसँग सहकार्य गरी भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गरिनेछ।

१६. रोजगारी सिर्जनाका लागि उद्योग तथा व्यवसाय सञ्चालनलाई प्रोत्साहन गरिनेछ। सहकारी संस्थाहरूलाई उद्योग सञ्चालनतर्फ उन्मुख गराउँदै स्थानीय उत्पादन, बजारीकरण तथा रोजगारी सिर्जनाका लागि प्रविधि हस्तान्तरण गरिनेछ।

१७. पर्यटनलाई आयआर्जन, सांस्कृतिक आदान–प्रदान तथा पुनर्ताजगीको महत्वपूर्ण माध्यमका रूपमा विकास गरिनेछ। चौरजहारीमा पर्यटन प्रवर्द्धनका लागि उपलब्ध सम्भावनाहरूलाई उपयोग गर्दै संघ

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

तथा प्रदेश सरकार र निजी क्षेत्रसँगको साझेदारीमा ऱ्याफ्टिङ र प्याराग्लाइडिङ सञ्चालनमा जोड दिइनेछ । पर्यटन पूर्वाधार विकास गरी नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ ।

**१८.** नगर विकास तथा समृद्धिका लागि लगानी आकर्षण गर्न अन्य स्थानीय तहहरूसँग सहकार्य तथा समन्वय सुदृढ गरिनेछ । आवश्यक प्रक्रिया पूरा गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्थानीय तहहरूसँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गरिनेछ। लगानीमैत्री वातावरण सिर्जना गर्न **'लगानी सम्मेलन'** आयोजना गरिनेछ ।

**१९.** साहित्य, कला तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ । चौरजहारी नगरपालिकामा वाङ्मय परिषद् गठन गरी साहित्य, भाषा, कला तथा सांस्कृतिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ । साहित्यिक प्रतिभाहरूको संरक्षण, अभिलेखीकरण तथा प्रकाशनलाई प्रोत्साहन गरिनेछ ।

**२०.** शहीदहरूलाई समाज रूपान्तरणका प्रेरणास्तम्भका रूपमा सम्मान गर्दै विभिन्न संरचना तथा पूर्वाधारहरूमा उनीहरूको नामकरण गरिनेछ । शहीद परिवारलाई शिक्षा, स्वास्थ्य, रोजगार तथा आवासमा प्राथमिकता दिइनेछ ।

**२१.** नगरपालिका क्षेत्रभित्र बेरोजगार जनशक्तिलाई लक्षित गरी रोजगारका अवसरहरू सिर्जना गरिनेछन् । आन्तरिक रोजगारी प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ । वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूलाई उद्यमशीलतामा संलग्न गराउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**२२.** वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूको सीप परीक्षण गरी स्वरोजगार तथा रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ । वैदेशिक रोजगारमा गएका व्यक्ति र परिवारहरूलाई वित्तीय साक्षरता अभियान चलाउनुका साथै वैदेशिक रोजगारीको अवस्थाका सम्बन्धमा प्रोफाइल समेत तयार गरिनेछ । मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् सिंचाइ, खानेपानी तथा पूर्वाधार विकासका क्षेत्रमा श्रम परिचालन गरिनेछ ।

## सामाजिक विकास

**२३.** शिक्षा क्षेत्रको विकासका लागि सबैलाई जिम्मेवार बनाइनेछ । विद्यालय तहको शिक्षाको व्यवस्थापनका लागि नगर शिक्षा विकास कोष सञ्चालनमा ल्याइनेछ । उक्त कोषमा जनप्रतिनिधि , शिक्षकले कम्तिमा एक दिनको तलबभत्ता उक्त कोषमा योगदान गर्ने अनिवार्य व्यवस्थाको ,कर्मचारी कार्यान्वयन गरिनेछ । निर्माण व्यवसायीउपभोक्ता समिति तथा कार्यक्रम कार्यान्वयनको बजेटबाट , ०. कम्तिमा५ प्रतिशत रकम शिक्षा विकास कोषमा जम्मा गरिनेछ । सरकारी तथा गैरसरकारी सङ्घ

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

संस्थाहरूका अतिरिक्त विवाहजन्मदिनका साथै आमाबुवा तथा आफन्तजनहरूको ,व्रतबन्ध , सम्झनामा शिक्षा क्षेत्रको विकासका लागि योगदान गर्न प्रेरित गरिनेछ।

२४. विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन उचित कार्यक्रम ल्याइनेछ। विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन गरिनेछ। सञ्चालित कक्षापूर्वाधार विकास र सिकाइ अवस्थासमेतका आधारमा ,शिक्षकहरूको दक्षता , अगुवा विद्यालय तोकी सेवा क्षेत्रभित्रका अन्य विद्यालयहरूसँगको शैक्षिक अवस्था सुधारको लागि समेत सहकार्य र समन्वयमार्फत् जिम्मेवार बनाइनेछ।

२५. संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति गरिने छ। अति विपन्न दलित, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि पैसाकै कारण पढाइबाट बञ्चित हुन नदिन छात्रवृत्तिको व्यवस्था गरिनेछ। छात्राहरूलाई पढाइको निरन्तरताका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। विज्ञान मुल विषय लिइ अध्ययन गर्ने विद्यार्थीहरूलाई विज्ञान छात्रवृत्ति प्रदान गरिनेछ। विद्यालयमा अध्ययनरत ४ सय ५० जना विद्यार्थीहरूलाई ३ हजारको दरले छात्रवृत्ति प्रदान गरिनेछ।

२६. प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक र छात्राहरूका लागि स्यानिटरी प्याड प्रदान गरिनेछ। विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापन कार्य सञ्चालन गरिनेछ। आधारभूत विद्यालय नाखिरा र हिमालय माध्यमिक विद्यालय खोलागाउँमा नमुना प्रारम्भिक कक्षा व्यवस्थापन गरिनेछ। शीतल माध्यमिक विद्यालय चौरजहारी र हिमालय माध्यमिक विद्यालय खोलागाउँलाई आवाशीय विद्यालय बनाउन प्रदेश र सङ्घ सरकारसँगको सहकार्यमा आवश्यक पूर्वाधारको निर्माण गरिनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

२७. विद्यालय शिक्षामा नवीनतम् सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिइनेछ। सबै विद्यालयहरूको इन्टरनेट सेवा विस्तारलाई नियमित र गुणस्तरीय बनाइनेछ। विद्यालहरूमा इ-हाजिरी गर्ने कार्यलाई थप व्यवस्थित र अनिवार्य गरिनेछ। बालविकास कक्षालाई प्रविधियुक्त बालमैत्री बनाउदै लिइनेछ।

२८. शिक्षकको पेसागत सिप र क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था मिलाइनेछ। प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाबीच निरन्तर अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। विद्यार्थी मूल्याङ्कन प्रणालीलाई विश्वसनीय र वस्तुनिष्ट बनाइनेछ। कक्षा ५ र ८

को परीक्षालाई नगरपालिकास्तरीय बनाइनेछ। पाठ्यक्रममा आधारित विद्यार्थी मूल्याङ्कनलाई सहज रूपमा लागू गर्न आवश्यक सामग्रीको व्यवस्था मिलाइनेछ।

२९. **'अतिथि शिक्षक शिक्षण कार्यक्रम'** सञ्चालन गरिनेछ। त्यसका लागि कम्तिमा महिनाको एक पटक छिमेकी विद्यालयमा मुख्य विषयका शिक्षकले शिक्षण गरी सिकाइ अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई नियमित बनाइनेछ। शिक्षक पेसागत सहयोगका लागि पालिकास्तरमा विज्ञ समूह, क्षेत्रगत र विद्यालय स्तरमा शिक्षक सिकाइ समूह गठन गरी सिकाइ अनुभव आदानप्रदान र शिक्षण सिकाइका समस्या समाधान गर्ने चौतारीका रूपमा विकास गरिनेछ। वर्षमा कम्तिमा दुई पटक विद्यालय सुधारका लागि विद्यालयहरूले सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयमा एकदिन जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ। प्रत्येक महिना कम्तिमा एकपटक एक जना जनप्रतिनिधि विद्यालयमा पुग्ने र विद्यालयको अवस्था बुझ्ने व्यवस्था मिलाइनेछ।

३०. विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापले भविश्यमा जीवन जीउने आधार बनाउँछ। विद्यालयमा अतिरिक्त क्रियाकलाप अनिवार्य गराइ नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र पढाइ मेला सञ्चालन गरिनेछ। अभिभावकको चाहना अनुरूप तल्ला कक्षाहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्न आवश्यक प्रोत्साहन गरिनेछ। असहाय, अनाथ र जोखिममा परेका बालबालिकाहरूहरूको अभिभावकत्त्व ग्रहण गर्ने अभिभावकहरूलाई सम्मान गरिनेछ। प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि दिवाखाजा वापतको रकम प्रदान गरिनेछ। दिवाखाजाका लागि स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ।

३१. सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्डको नीति अवलम्बन गरिनेछ। उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गरिनेछ। कार्यसम्पादन न्यून रहेका, गैरजिम्मेवार रूपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरीत कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ। प्रधानाध्यापक र शिक्षकहरूका लागि कार्यसम्पादनमा आधारित कार्यसम्पादन करार नवीकरण गरी थप जिम्मेवार बनाइनेछ। शिक्षकहरूलाई अन्तर विद्यालय भ्रमणको व्यवस्था मिलाइनेछ।

**३२.** टोल पढाइ तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । अभिभावक टोल विकास समिति गठन गरी शिक्षासँग श्रम कार्यक्रमका साथ उत्कृष्ट समितिलाई पुरस्कृत गरिनेछ । विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप गुणस्तरीय र व्यवस्थित बनाइनेछ । विद्यालयमा जङ्कफुड बन्देज गरी जङ्कफुड तिरस्कार अभियान सञ्चालन गरिनेछ । स्वच्छ र मनोरम वातावरणका लागि हरित विद्यालय बनाउन वृक्षारोपण र फूलबारी निर्माणका लागि शिक्षक विद्यार्थी परिचालन गरिनेछ । उच्च शिक्षा प्रदायक संस्थाहरूको भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

**३३.** खेलकुदको विकास र प्रवर्धनका लागि खेलकुद पूर्वाधार निर्माण गरिनेछ । विद्यायलस्तरबाट नै खेल प्रतिभाको पहिचान र अवसरका लागि नगर प्रमुख कप खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

**३४.** साहित्य, कला, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाई प्रोत्साहन गरिनेछ । समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैंगिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । युवाहरूका लागि व्यवसायीक योजना, सकरात्मक सोच तथा युवाहरूको नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**३५.** **'प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा'** भन्ने नारा अवलम्बन गरिनेछ । त्यसका लागि स्वास्थ्य क्षेत्रको सबलीकरण गर्न आधारभूत स्वास्थ्य सेवा र खोपको सुनिश्चिता गरिनेछ । सङ्घीय सरकार र चौरजहारी अस्पतालसँगको सहकार्यमा मेडिकल कलेज सञ्चालनका लागि पहल गरिनेछ । औषधी एवम् उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकास लगायतका कार्यलाई प्राथमिकता दिइनेछ । त्यसैगरी स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित सबै जनशक्तिको क्षमता विकास गरिनेछ । शहीदस्मृति नगर अस्पताललाई पूर्वाधार, उपकरण र जनशक्तिले थप व्यवस्थित र सुविधा सम्पन्न बनाइनेछ ।

**३६.** स्वास्थ्य नागरिकको मौलिक हक हो । यसलाई जनताको घरटोलसम्म पुऱ्याउन आवश्यक कार्यक्रम र संयन्त्र परिचालन गरिनेछ । त्यसका लागि **'म स्वस्थ : मेरो समुदाय स्वस्थ'** घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**३७.** नगरवासी सबैलाई स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध हुन उत्प्रेरित गरिनेछ । महिला स्वास्थ्य स्वयंसेवीकाहरूको योगदानको कदर गर्दै सम्मान गरिनेछ । जेष्ठनागरिकहरूलाई घरमै पुगेर स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

**३८.** आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवम् वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । योग शिविरमार्फत् नागरिक स्वास्थ्यमा जोड दिइनेछ ।

**३९.** नगरपालिकाभित्र भएका एम्बुलेन्स सेवालाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । सुत्केरी हुन अस्पताल जाने महिलाहरूलाई नगरपालिका क्षेत्रभित्र अस्पतालसम्म जानका लागि पूर्ण नि:शुल्क सेवा प्रदान गरिनेछ । आर्थिक अवस्था कमजोर भएका नागरिकहरूलाई एम्बुलेन्स र शवबहान सेवा नि:शुल्क प्रदान गरिनेछ । वर्थिङ सेन्टरलाई व्यवस्थित गर्नुका साथै गाउँगाउँमा पुगेर गर्भवती महिलाहरूका लागि भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ । चौरजहारी नगरपालिकालाई शून्य होमडेलिभरी सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।

**४०.** **'रोग लागेपछि उपचार गरेर सन्चो हुनुभन्दा रोग लाग्न नदिनु नै वुद्धिमानी हुन्छ'** भन्ने मान्यतालाई आत्मसात गरिनेछ । स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहनका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमबाट स्वास्थ्य जागरण तथा प्रर्वधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरूले गर्नु भएको सेवा प्रशंसनीय छ । स्वास्थ्य स्वयंसेवीहरूकाहरूलाई यातायात खर्च, पोसाक भत्ता तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

**४१.** स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गरिनेछ । पोषणमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक पक्षको प्रवर्धन गर्नुका साथै सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन गरिनेछ ।

**४२.** राजनीतिक व्यवस्था र अवस्था परिवर्तनका लागि शहीद, बेपत्ता, जनयुद्धका घाइते, अपाङ्गताहरूको योगदान सदा प्रशंसनीय र उच्च छ । जनयुद्ध / जनआन्दोलनका शहीद परिवारहरू, वेपत्ता योद्धा परिवार, घाइते, अपाङ्गता योद्धाहरू, पूर्व जनमुक्ति सेनाका योद्धाहरू लगायत मुक्ति र परिवर्तनका लागि योगदान पुऱ्याएका विशिष्ट व्यक्तिहरूलाई सम्मान, सामाजिक पुनर्स्थापना, सिप विकास तथा आयमूलक कार्यक्रमहरूमा प्राथमिकता दिइनेछ । चौरजहारी क्षेत्रभित्रका जनयुद्ध र जनआन्दोलनका

क्रममा भएका शहीदहरूको सम्मानमा शहीद गेट र शहीद पार्क, यात्रु प्रतिक्षालय  निर्माण कार्य गर्नुका साथै भएका संरचनाहरूलाई थप व्यवस्थित गरिनेछ।

**४३.** तुलनात्मक रूपमा दलितहरू आर्थिक रूपमा विपन्न भए पनि उनीहरू सिपका धनी छन्। उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लिइनेछ। मानव अधिकारको विश्वव्यापी मान्यता अनुरूप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधिलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई एक लाखका दरले प्रोत्साहन रकमसहित सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। बालबालिकाहरूको क्षमता विकासका उपयुक्त अवसरहरू प्रदान गरिनेछ।

**४४.** बालविवाह, छुवाछुत, महिला हिंसा, बालश्रम शोषण, मदिरापान तथा विक्रीवितरण, धाँमी झाँक्री लगायतका अन्धविश्वास, कुसंस्कार, कुरीतिलगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ। बालविवाह गर्ने गराउने तथा प्रोत्साहन गर्नेहरूलाई सामाजिक बहिष्कारको नीति अवलम्बन गरिनेछ। विवाह गर्नुपूर्व वडा कार्यालयबाट अनिवार्य सिफारिस लिनुपर्ने व्यवस्था मिलाइनेछ।

**४५.** लैगिंक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीतिको अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ। नगरपालिकाको नीति, कार्यक्रम र बजेटको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वार्षिकरुपमा गर्ने व्यवस्था मिलाइने छ।  लैङ्गिक हिंसा एवम् विभेद विरुद्धका कार्यक्रमहरूको नियमित समीक्षा, अनुगमन मूल्याङ्कन कार्यलाई प्राथमिकता दिइनेछ। महिला, दलित, विपन्न वर्गको क्षमता विकास र दिगो आयआर्जनमा टेवा पुऱ्याउन आयआर्जमूलक र सीपमूलक तालिमको व्यवस्था गरिनेछ। लागू पदार्थ दुर्व्यसन न्यूनीकरण सम्बन्धी सचेतामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**४६.** सामाजिक परिचालन, सामाजिक विकृति र विसङ्गतिको अन्त्य गरी सभ्य र न्यायपूर्ण समाज निर्माण आजको आवश्यकता हो। प्रत्येक वडामा सामाजिक रूपान्तरण तथा सभ्य, समता र न्यायमा आधारित समाज निर्माण गर्न सामाजिक रुपान्तरणका लागि सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

४७. ७० वर्ष माथिका जेष्ठ नागरिक, शहीद परिवार एकाघरका सदस्यहरू, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरू एवम् अतिविपन्न गरिब परिचयपत्र प्राप्त गरेका व्यक्तिहरूलाई नगर बस तथा एम्बुलेन्स सेवा नि:शुल्क प्रदान गरिनेछ । नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका निजी क्लिनिक, पोलिक्लिनिक, अस्पताल, फार्मेसीहरू मापदण्डअनुसार सञ्चालन हुने नीतिलाई निरन्तरता दिइनेछ।

४८. आमावुवा जीवनदाता हुन्। आमावुवाप्रति छोराछोरीको जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ । त्यसका लागि आमावुवाको सम्मान र सामाजिक सुरक्षालाई परिवारबाटै सुव्यवस्थित गर्न प्रोत्साह गरिनेछ। जेष्ठ नागरिकहरूलाई सम्मान गरिनेछ।

**सभाका सदस्यहरू,**

## पूर्वाधार विकास

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

४९. मुल र सहायक सडक जोड्न अति आवश्यकीय स्थानमा सडकको नयाँ ट्र्याक खोलिनेछ। ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नती गरिनेछ। सडकहरूको मर्मतसम्भार गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइनेछ। चौरजहारी बजार र खोलागाउँ बसपार्क सञ्चालनमा ल्याइनेछ। टाटा सर्केना जोगीनेटा र चौफा नेटा सडकको स्तरोनन्ती गरिनेछ। विजयश्वरी शान्ति हुदै नुवाकोटसम्मको सडक कालोपत्रेका लागि सङ्घ र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।

५०. निर्माण गरिने पूर्वाधारहरूको दीगोपना र गुणस्तर कायम गर्नका लागि ल्याव परीक्षण गर्नुपर्ने व्यवस्थालाई वाध्यकारी बनाइनेछ। त्यसका लागि आवश्यक उपकरणको प्रवन्ध गर्नुका साथै आयोजनाको आयु निर्धारण गरी गुणस्तर प्रवर्धनमा जिम्मेवार बनाइनेछ। आयोजनाहरूको समयमै सम्झौता र सम्पन्न गरी भुक्तानी गर्ने कार्यलाई बाध्यकारी बनाइनेछ।

५१. सङ्घ र प्रदेशसँगको समन्वयनमा निर्माणाधीन पक्की सडकहरू निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ। सङ्घ सरकारको सहकार्यमा पाँच सय जना क्षमताको सभाहल निर्माणको कामलाई समयमै सम्पन्न गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ। संरचना निर्माण गर्दा स्थानीय श्रम र निर्माण सामग्रीलाई उपयोग गर्नुपर्ने नीति लिइनेछ। पूर्वाधार निर्माणमा स्थानीय गोइरीको स्लेट ढुङ्गा प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

५२. नेपाल भूकम्प जोखिममा रहेको विश्वको ११ औं मूलुक हो। हाम्रो क्षेत्र पनि भूकम्पको उच्च जोखिममा छ। भवन लगायतका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ। यसका लागि राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको कडाइपूर्वक कार्यान्वयन गरिनेछ। नक्सा पास गरेर मात्र भवन निर्माण गर्न पाइने कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन गरिनेछ। नक्सा पास नगरी निर्माण भइरहेका भवनको अनिवार्य रूपमा अभिलेखीकरण गर्ने व्यवस्थालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५३. विद्युत लाइन पुग्न बाँकी वस्तीहरूमा विद्युत लाइन विस्तार गरिनेछ। विद्युत लाइन विस्तारको जिम्मा लिएर लामो समयदेखि योजना अलपत्र छोडेका निर्माण व्यवसायीहरूलाई समयमै काम सम्पन्न गर्न सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी जिम्मेवार बनाइने छ। वैकल्पिक ऊर्जा प्रवर्धनलाई प्रोत्साहन गरिनेछ।

५४. चौरजहारी नगरपालिकाका विभिन्न खोलाहरू सहज रुपमा वारपारका लागि झोलुङ्गे पुलहरू निर्माण गरिनेछ। DPR भइसकेका सडक पुल र झोलुङ्गे पुलमा आवश्यक बजेट विनियोजनका लागि विशेष पहल गरिनेछ।

५५. सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा सुख्खा खेतीयोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गरिनेछ। कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सुख्खा र अग्ला स्थानहरूमा आकाशे पानी सङ्कलन पोखरी निर्माण गरिनेछ।

५६. पूर्वाधार निर्माणमा उपभोक्तालाई जिम्मेवार बनाइनेछ। जनसहभागितामा आधारित विकास आयोजनालाई प्राथमिकता दिइनेछ। निर्माण कार्यको गुणस्तर प्रवर्धन र कानुनी प्रक्रियाबारे अभिमुखीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। 'एक घर एक खानेपानी धारा' को अभियानलाई थप विस्तार र व्यवस्थित गरिनेछ। वस्ती, गाउँ तथा टोल र घरघरमा खानेपानीको सहज प्रबन्धका लागि खानेपानी पाइप विस्तार गरिनेछ। खानेपानी सुरक्षा योजना सञ्चालन गरिनेछ। सबै आयोजनाहरू सम्बन्धित उपभोक्ताहरूलाई हस्तान्तरण गरी मर्मत सम्भारमा जिम्मेवार बनाइनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

५७. नगरपालिका क्षेत्रभित्रको सञ्चार सेवालाई नेपाल टेलिकम र इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँगको सहकार्यमा व्यवस्थित र गुणस्तरीय बनाउनुका साथै नुवाकोट, घर्तीकाँडा लगायतका ठाउँमा नेपाल टेलिकमको टावर जडानका लागि आवश्यक समन्वय एवम् पहल गरिनेछ ।

५८. विकास निर्माण र संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार बनाइनेछ । सडक, विद्युत लगायतका पूर्वाधार विस्तारमा अवरोध गर्ने तथा विकास विरोधी गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याइनेछ ।

**सभाका सदस्यज्यूहरू,**

## <u>वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

५९. २०८० कार्तिक १७ गते जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको भूकम्पका कारण भएका निजी आवास र सार्वजनिक संरचना पुनर्निमार्णलाई पहिलो प्राथमिकता दिइनेछ । पुनर्निमार्णका लागि सङ्घ र प्रदेश तथा गैरसरकारी सङ्घसंस्थाहरूसँगको सहकार्य मजबुद र व्यवस्थित गरिनेछ। भूकम्प पीडित परिवारलाई आवास निर्माणका क्रममा नक्सापास गर्दा ५० प्रतिशत छुट प्रदान गरिनेछ ।

६०. **‘स्वच्छ वातावरण : स्वच्छ जीवन’** हरियाली चौरजहारी नगरको अभियान सञ्चालन गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि सुख्खा डाँडा तथा नदी किनारका फाँटमा वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ । त्यसका लागि वन नर्सरी स्थापना गरी सञ्चालनमा ल्याइनेछ । सामुदायिक वन उपभोक्ता समितिलाई वन तथा वन्यजन्तु संरक्षणमा जागरूक र क्रियाशील बनाइनेछ ।

६१. वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुँवा नियन्त्रण गरी भान्छामा काम गर्ने महिलाहरूको स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न सुधारिएको चुलो बनाउने तथा विद्युतीय चुलो जडान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

६२. स्वच्छ र हरियाली वातावरणका लागि '**भोट बराबर बोट**' कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि १५ हजार बिरुवा रोपिने छ। बस्ती, टोल तथा गाउँको उचित स्थानको छनोट गरी वरपीपल रोपेर संरक्षण गर्नेलाई प्रोत्साहन स्वरूप आर्थिक सहायता प्रदान गरिनेछ। चौतारी निर्माण तथा मर्मत सम्भारको कार्यमा स्थानीय समुदायलाई परिचालन गरिनेछ।

६३. भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ। पूर्वाधार विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ।

६४. वातावरणमैत्री विकासका लागि सबै सचेत र सजक बन्नुपर्ने अवस्था आएको छ। विकास गर्दा महत्त्वपूर्ण सम्पदाको संरक्षणमा सचेत बन्नुपर्छ। त्यसका लागि पर्यटकीय जङ्गल, पानीका मुहान भएका धार्मिक पुरातात्विक र वातावरणीय अनुकूलनका क्षेत्रहरूमा डोजर प्रयोग नगरी श्रम परिचालन मार्फत् पदमार्गहरू निर्माण गरिनेछ।

६५. वातावरण अनुकूल दिगो विकासको लागि कानुनबमोजिम सङ्क्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्थालाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ।

६६. घर तथा बजार क्षेत्रबाट निस्कने फोहरमैला वातावरण प्रदुषणको मुख्य कारक तत्व हो। चौरजहारी नगरपालिकाको वडा नं. १ र २ को मुख्य बजार क्षेत्रबाट फोहोर सङ्कलन र व्यवस्थापन कार्यलाई नियमित र व्यवस्थित गरिनेछ। वडा नम्बर ३ मा ल्याडफिलसाइट निर्माण कार्य सम्पन्न गरी सरसफाइ सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

६७. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी सोहीअनुसार विपद् व्यवस्थापनका कार्यहरू अगाडि बढाइनेछ। स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयन गरिनेछ। विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनर्स्थापनाका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ। सङ्घ सरकारको सहयोग र सहकार्यमा दमकलको व्यवस्था गर्न पहल गरिनेछ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

६८. प्रकोप व्यवस्थापन कोषलाई थप व्यवस्थित गरिनेछ। सङ्घ तथा प्रदेश सरकारसँगको साझेदारीमा प्राकृतिक प्रकोपको कारण घर संरचना पूर्ण रुपमा नष्ट भएका, जोखिमपूर्ण अवस्थामा रहेका वा आंशिक रूपमा क्षति भएका घरपरिवारको घर संरचना प्रबलीकरण, पुर्ननिर्माण तथा पुर्नस्थापनाको कार्य गरिनेछ।

६९. आवास विहीनका लागि आवासको व्यवस्था मिलाइनेछ । सङ्घ तथा प्रदेश सरकारसँगको सहकार्यमा भूमिहीन तथा घरवारविहीन विपन्न परिवारहरूको आवास निर्माण गरिनेछ।

७०. जहारीखोला, नार्जी, कालीगार टोटाखोला, साक्चा लगायतका खोलाहरूमा बाढीका कारण जमीन कटान हुने अवस्था रहेको छ। खेतीयोग्य जमीन कटान रोक्न तथा भूक्ष्यको जोखिम न्यूनीकरण गर्न वृक्षारोपण र तटबन्ध निर्माण गर्ने कार्यको व्यवस्था मिलाइनेछ।

**सभाका सदस्यज्यूहरू,**

## सुशासन तथा संस्थागत विकास

७१. सेवा लिनका लागि विभिन्न कार्यालयसम्म पुग्न नगरबस सञ्चालन गरी आवागमनलाई सहज, नियमित र व्यवस्थित गरिनेछ। नगर बस सेवाको दीगो व्यवस्थापनका लागि परीक्षणका रूपमा सार्वजनिक निजी साझेदारी मोडेलमा नगर बस सञ्चालन गरिनेछ।

७२. स्थानीय सरकारले प्रदान गर्ने सेवालाई सहज र व्यवस्थित गर्न व्यवस्थित पूर्वाधारको आवश्यकता पर्दछ। चौरजहारी नगरपालिका नगर कार्यपालिकाको प्रशासकीय भवनलाई सुरक्षित थप आकर्षक र सुसज्जित बनाइनेछ। वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप व्यस्थित र सेवाग्राहीमैत्री बनाउँदै लिइनेछ।

७३. चौरजहारी नगरपालिकावाट प्रदान गरिने सेवाहरूलाई सहज, छिटो छरितो, पारदर्शी, समावेशी र नागरिकमैत्री बनाउन एकीकृत सेवा प्रवाह सञ्चालन केन्द्र (One Stop Service Delivery, OSSD) लाई थप व्यवस्थित रुपमा सञ्चालन गरिने छ। सेवा प्रवाहलाई विश्वसनीय र परिणाममुखी बनाउन सेवा प्रवाहमा टोकन र टाइम कार्ड प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । विभिन्न

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

शाखाहरूबाट प्रदान गरिने सेवाहरूलाई एकै स्थानबाट सेवा प्रदान गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

७४. उद्योग, वाणिज्य, समूह, संस्था र निजी फर्महरूको दर्ता, नवीकरण, संशोधन र खारेजी जस्ता कार्यलाई कार्यालय स्वःचालन प्रणाली (Office Automation System, OAS) को प्रयोगमार्फत् थप प्रविधिमैत्री बनाइनेछ। एकीकृत सेवा प्रवाहसँगै आगामी वर्षमा थप पाँच प्रकारका सेवाहरूमा कार्यालय स्वचालन प्रणाली (OAS) बाट प्रवाह गरिने व्यवस्था मिलाइनेछ। साथै यस नगरपालिमा दर्ता भएका तर वार्षिकरुपमा नवीकरण नभएका उद्योग, निजी फर्म र व्यवसायीहरूको विल जारी गर्न र नवीकरणका लागि मोवाइल सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ। Chat Bot मार्फत् नगरपालिकाको सेवाप्रवाहसँग सम्बन्धित जानकारीलाई प्रविधिमैत्री बनाइनेछ।

७५. चौरजहारी नगरपालिकावाट प्रवाह हुने सेवामा सेवाग्राही सन्तुष्टि मापन गर्ने कार्यलाई निरन्तरता दिईने छ। साथै नगरपालिकासँग सम्बन्धित नागरिकका गुनासोहरूलाई सम्बोधन गर्न उच्चतम प्रविधिको प्रयोग गरी गुनासोहरुको सङ्कलन, सुनुवाइ र सम्बोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७६. नगरपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ। जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका सेवाग्राहीहरूलाई सेवामा पहिलो प्राथमिकता दिइनेछ।

७७. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउँदै नागकिलाई सूचना, सेवा र अवसरमा विभेद रहित पँहुच अभिवृद्धि गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली (E-Governance System) को नीति अवलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने गर्ने नीति लिईने छ।

७८. चौरजहारी नगरपालिकामा अभिलेखहरूको दिगो व्यवस्थापनका लागि डाटा सर्भरलाई थप व्यवस्थित गरि अभिलेखीकरण गरिने छ। साथै, एकीकृत र प्रविधिमैत्री सेवा प्रवाह गर्न सूचना प्रविधि केन्द्र (Information Techno Hub) स्थापना गरी डिजिटल नगरका रुपमा विकास गरिनेछ।

७९. नगरपालिकाबाट सम्पादन हुने सबै कार्यहरू एवम् सार्वजनिक सेवाप्रवाहलाई प्रविधिमैत्री बनाइनेछ । डिजिटल नागरिक बडापत्र लगायत नवीनतम् सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, परिणामुखी, चुस्तदुरुस्त, छिटोछरितो, पारदर्शी र अनुमानयोग्य बनाउने नीति लिइनेछ । नगर कार्यपालिकाको कार्यालयलाई थप व्यवस्थित बनाइ सेवा प्रवाहलाई सहज बनाइनेछ ।

८०. नगरका रणनीतिक महत्त्वका आयोजनाहरूको पूर्व सम्भाव्यता अध्ययनसहित विस्तृत परियोजना प्रतिवेदन तयार पारी सङ्घ तथा प्रदेश सकारसँगको साझेदारीमा निर्माण कार्य अगाडि बढाइनेछ । अन्धाधुन्द बजेट विनियोजन हुने प्रवृत्तिलाई अन्त्य गर्न मागको आधारमा नभइ आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ । साना र प्रतिफल नदिने फजुल खर्च हुने आयोजनाहरूमा बजेट विनियोजन गरिने छैन । लगानी गर्दा प्रतिफल प्राप्त हुने कुरालाई सुनिश्चित गरिनेछ ।

चौरजहारी नगरपालिका रूकुम (पश्चिम)

८१. वडाहरूमा प्रशासनिक तथा पूँजीगत बजेट निश्चित मापदण्डको आधारमा मात्र विनियोजन गरिनेछ । दामासाही किसिमले बजेट विनियोजन गर्ने प्रवृत्तिलाई अन्त्य गरिनेछ । सङ्घ र प्रदेशबाट विनियोजित बजेटमा दोहोरो पर्ने किसिमले बजेट विनियोजन गरिने छैन ।

८२. विकास निर्माण कार्यमा गुणस्तर कायम गर्न दक्ष जनशक्ति, स्थानीय श्रमिकको सहभागिता तथा अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । नतिजामूलक अनुगमन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । वडास्तरीय  एवम् नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको दक्षता अभिवृद्धिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. सिर्जनशीललाई प्रोत्साहन,  उत्कृष्टलाई पुरस्कार र खराबलाई दण्डको मान्यता अनुरूप उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक, शिक्षक,  कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कृत गरिनेछ । चौरजहारी नगरपालिका क्षेत्रभित्रका स्थायी ठेगाना भएका नवनियुक्त शिक्षक, कर्मचारी, सेना, प्रहरी लगायतका क्षेत्रमा प्रवेश गरेका जनशक्तिलाई सम्मान गरिनेछ ।

८४. नगरपालिकाको कार्यसम्पादनलाई छिटोछरितो, पारदर्शी, गुणस्तरीय र प्रविधिमैत्री बनाउँदै भ्रष्टाचारविरुद्ध कठोर कदम चालिनेछ। कार्यसम्पादनलाई परिणामुखी बनाउन सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार सम्झौता गरी सूचकहरूको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने छ। अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाइनेछ।

८५. राजश्वको दायरा फराकिलो गरी राजश्वको विविधिकरण एवम् विस्तारीकरणमा जोड दिइनेछ। प्रगतिशील करको सिद्धान्त अनुसार करको दर र दायरा निर्धारण हुने नीति अवलम्बन गरिनेछ। राजश्व सङ्कलनमा नगर बस, एम्बुलेन्स, जेसिबी, कृषि तथा पशु एम्बुलेन्स थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। आन्तरिक र अन्तिम लेखापरीक्षण कार्य प्रभावकारी रुपमा गराइने छ। समयमै बेरुजु फछ्यौट गर्ने कार्यलाई कडाइ गर्नुका साथै कानुनी दायरामा ल्याइने छ।

८६. **'स्वस्फूर्त रुपमा तिरौं कर : आत्मनिर्भर बनाऔं चौरजहारी नगर'** भन्ने आदर्शलाई आत्मसात गरिनेछ। कर तिर्नु कर्तव्य र गौरव दुबै हो। कर सङ्कलन र करदाता शिक्षाको लागि नगर प्रहरी लगातयको संयन्त्र परिचालन गरिनेछ। कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र करदातामैत्री बनाइनेछ। करदाताहरूको विवरण अद्यावधिक गरी नियमित रुपमा कर तिर्ने करदातालाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ। सेवा प्रवाहमा नियमानुसारका कर तिरेको हुनुपर्ने बाध्यकारी व्यवस्था गरिनेछ।

८७. कर तथा गैरकर राजश्व अनुगमन गर्ने विशेष अनुगमन टोली गठन गरिनेछ। राजश्व सङ्कन गर्ने नगर कार्यपालिका कार्यालय र सोअन्तर्गतका निकायहरूको वार्षिक लक्ष्य निर्धारण गरी समयमै असुल तथा प्रगति हासिल गरेको आधारमा सम्मान र प्रोत्साहन गरिनेछ।

८८. चौरजहारी नगरपालिका क्षेत्रमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत पर्ने नयाँ सहर विकास कार्यक्रम अगाडि बढेको छ। यसको विकासले चौरजहारी नगरवासीको समृद्धिको आकाङ्क्षा पूरा गर्न मद्दत पुग्ने देखिन्छ। शीघ्र र तीव्र सहरीकरणका लागि बसाइँसराइमा आकर्षण गर्न जरुरी छ। त्यसैले चौरजहारी नगरपालिका क्षेत्रभित्र बसाइँसराइ गरेर आउनेहरूका लागि घर बनाउँदा नक्सापासमा २५ प्रतिशतले हुन आउने रकम छुट दिइनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

८९. मुस्कानसहितको सार्वजनिक सेवा प्रवाह नगरपालिकाको मुलभूत आदर्श हुनेछ । सरल,सहज र नियमित रुपमा सूचना उपलब्ध गराइ सूचनाको हकको प्रत्याभूति गराइनेछ । पारदर्शिता र जनउत्तरदायी एवम् सुशासन प्रवर्द्धनका लागि नगर कार्यपालिकाको कार्यालय र सो मातहतका सबै निकायले त्रैमासिक रुपमा सार्वजनिक सुनाइ गर्ने व्यवस्था मिलाइनेछ । सभा, सम्मेलन, बैठक लगायतका औपचारिक कार्यक्रमहरू निर्धारित समयमै सुरु र अन्त्य गर्ने संस्कारको विकास गरिनेछ ।

९०. स्थानीय एफ.एम. रेडियो, पत्रपत्रिका र अनलाइनलाई व्यवस्थित गरिनेछ । सञ्चार माध्यमहरूको पूर्वाधार विकास तथा कार्यक्रम उत्पादन र प्रशारणका लागि साझेदारी गरिनेछ । नगरपालिकाका गतिविधिहरू आम नागरिक समक्ष पुऱ्याउन नगर सेरोफेरो, शिक्षा सरोकार लगायतका रेडियो कार्यक्रमका साथै सूचना तथा सन्देश प्रशारण तथा प्रकाशनलाई निरन्तरता दिइनेछ । विद्युतीय र छापा माध्यमबाट सेवा प्रदान गर्ने स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहित गरिनेछ ।

९१. सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । सञ्चार माध्यमहरूलाई अभिलेखको आधारमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । विज्ञापनका लागि समयमै सूचीकृत हुनुपर्ने व्यवस्थालाई बाध्यकारी बनाइनेछ । पत्रकारहरूको पेसागत क्षमता अभिवृद्धिको लागि सहकार्य गरिनेछ ।

९२. जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, नगर प्रहरी, शिक्षक सबैलाई कार्यसम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गर्ने र मासिक समीक्षा तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन पद्धति नमुना कार्यालय मापदण्ड लगायतका कार्यसम्पादनस्तर मापन गर्न विकास गरिएका प्रणाली र कानुनी व्यवस्थाहरूको कडाइपूर्वक कार्यान्वयन गरिनेछ । कार्यस्थलमा हुनसक्ने जोखिम बहनमा उत्प्रेरित गर्न नगर प्रहरी, कर्मचारी र जनप्रतिनिधिहरूको म्यादी जीवन बिमा गरिनेछ । कर्मचारी कल्याणकोषलाई थप व्यवस्थित गर्दै लिइनेछ । कर्मचारीहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी प्रोत्साहन गर्दै लिइनेछ । कर्मचारीको मनोबल वृद्धि गर्न कर्णाली प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली, २०८१ को प्रभावकारी कार्यान्वनयका लागि एक हप्ताको पर्यटन बिदा दिइने छ ।

९३. सङ्गठन संरचना र दरबन्दी विवरणअनुसार कर्मचारीको व्यवस्था गरिनेछ। चुस्त र दुरुस्त सङ्गठन निर्माण गरिनेछ। सूचना प्रविधिको व्यापक प्रयोग गरी सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ। डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना वोर्ड, समायनुकूल सफ्टवेयरहरूको प्रयोग, डिजिटल हाजिरी लगायतको विद्युतीय प्रविधिहरू थप प्रशंसनीय हुने गरी प्रयोग गरिनेछ। नगरपालिकाको तथ्याङ्क सङ्कलन विश्लेषण गरिनेछ। नवप्रवर्धनका साथै डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

९४. समाजमा शान्ति र अमनचयन कायम हुनका लागि समाजमा हेपिएको र चेपिएको महसुस हुने वातावरण हुनुहुदैन। आफ्नो क्षेत्राधिकारभित्र रही विवादको दीगो समाधान अर्थात् जीत जीतको अवस्था बनाउन मेलमिलापलाई प्राथमिकता दिनु सान्दर्भिक हुन्छ। त्यसका लागि न्यायीक समितिलाई सरल, सहजका साथै सुव्यवस्थित र चुस्तदुरुस्त बनाइनेछ। न्यायीक समिति, वडाका मेलमिलाप केन्द्रका पदाधिकारी तथा स्थानीय अगुवाहरूका लागि न्यायिक सचेतना तथा कानुनी शिक्षा प्रदान गरिनेछ।

९५. चौरजहारी नगरपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा नगर कार्यपालिकाबाट स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने बाध्यकारी व्यवस्था लागू गरिनेछ। **'चौरजहारी नगरका टोल : विकास र समृद्धिका खोल'** भन्ने नाराका साथ टोल विकास संस्थालाई विकास निर्माण सभ्य र समुन्नत टोल विकासका लागि परिचालन गरिनेछ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

९६. मानव विकास तथा सामुदायिक सेवा, KISK EQUIP, Hope for Children, युनिसेफ, आइपास लगायतका गैरसरकारी संस्थाहरूको सहकार्यमा स्वास्थ्य, शिक्षा, क्षमता विकास तथा पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

९७. शान्ति सुरक्षालाई थप मजबुद बनाउन र नगरपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा नगर प्रहरीको भूमिका महत्त्वपूर्ण हुन्छ। नागरिक सुरक्षा, न्यायीक समितिका निर्णय कार्यान्वयन, सार्वजनिक सम्पत्तिको सुरक्षा तथा विपद् र विकास निर्माणमा नगर प्रहरीलाई जिम्मेवार रुपले थप क्रियाशील बनाइ नगर प्रहरी परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९८. **अन्त्यमा,** यो नीति तथा कार्यक्रममा महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्वहरू, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)